आज मिति २०७९।०३।२७ गते सोमबारका दिन बेनी नगरपालिकाका नगर प्रमुख श्री सुरत के.सी.ज्यूको अध्यक्षतामा बसेको तेश्रो नगर कार्यपालिकाको बैठकमा देहायको उपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

उपस्थिति:

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुरत के.सी. | नगर प्रमुख, बेनी नगरपालिका | |
| २ | ज्योती लामिछाने पौडेल | नगर उपप्रमुख, बेनी नगरपालिका | |
| ३ | रमेश कुमार श्रेष्ठ | प्रवक्ता,वेनी न.पा./वडा अध्यक्ष वेनी न.पा.७ | |
| ४ | धोलकराज ढकाल | प्रमुख प्रशासकीय अधिकृत वेनी न.पा | |
| ५ | टेक वहादुर थापा | वडा अध्यक्ष, बेनी नगरपालिका-१ | |
| ६ | चन्द्रकान्त शर्मा | का.वा.वडा अध्यक्ष, बेनी नगरपालिका-२ | |
| ७ | पदम वहादुर पुन | वडा अध्यक्ष, बेनी नगरपालिका-३ | |
| ८ | अण वहादुर खड्का | वडा अध्यक्ष, बेनी नगरपालिका-४ | |
| ९ | गोविन्द वानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-५ | |
| १० | कृष्ण वहादुर वानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-६ | |
| ११ | उत्तम कुमार कर्मचार्य | वडा अध्यक्ष, बेनी नगरपालिका-८ | |
| १२ | चक्र वहादुर के.सी. | वडा अध्यक्ष, बेनी नगरपालिका-९ | |
| १३ | मसबिर रोका | वडा अध्यक्ष, बेनी नगरपालिका-१० | |
| १४ | कृष्ण कुमार वि.क. | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १५ | किसान विश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १६ | मन कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १७ | सृजना श्रेष्ठ | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १८ | सुजता किसान | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १९ | बविता सापकोटा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | बबिता। |
| २० | मिना कुमारी कार्की | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २१ | निर्मला मल्ल | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |

अन्य उपस्थिति:

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

# नगर कार्यपालिकाको तेश्रो बैठकका निर्णयहरु

मिति २०७९।०३।२७ गते

१. बेनी नगरपालिकाका विगतका कार्यपालिकाहरुबाट भएका सबै निर्णयहरुको समीक्षा गरियो । चालु आ.व.मा हालसम्म भएका सबै खर्चहरु अनुमोदन गर्ने र नगर कार्यपालिकाको निर्णय कार्यान्वयनको समीक्षा गर्दै कार्यान्वयनमा सबैसँग समन्वय र सहकार्य गरी अघि बढ्ने ।

२. बेनी नगरपालिकाको आ.व. २०७८/७९ को योजनाहरुको कार्यान्वयन अवस्थाका बारेमा बृहद छलफल एवम् समीक्षा गरियो । योजना कार्यान्वयनको क्रममा देखिएका समस्याहरुको क्रमशः समाधान गरी आगामी आ.व.मा योजनाहरुको कार्यान्वयनलाई थप प्रभावकारी बनाउने ।

३. बेनी नगरपालिकामा आ.व. २०७८/७९ मा नियमानुसार ठेक्का लगाई कार्यान्वयनको क्रममा रहेका देहाय बमोजिमका योजनाहरु सम्पन्न हुन नसकेका र यि योजनाहरुको म्याद थप नगर्दा योजना अलपत्र पर्न सक्ने र नगरपालिकाको स्रोत समेत यसैमा लगाउनुपर्ने अवस्था समेतलाई दृष्टिगत गरी सार्वजनिक खरिद (बाह्रौं संशोधन) नियमावली, २०७९ बमोजिम देहाय बमोजिमको अवधिका लागि म्याद थप गरी योजनाको कार्य सुचारु गर्ने गराउने ।

| क्र.सं. | योजनाको नाम | थप गरिएको म्याद | कैफियत |
|---|---|---|---|
| १ | एकीकृत जामुनाखर्क खानेपानी योजना | ३ (तीन) महिना | |
| २ | खबरा खानेपानी योजना | ३ (तीन) महिना | |
| ३ | गौश्वारा तमाने खानेपानी योजना | २ (दुई) महिना | |
| ४ | अर्थुङ्गे सल्लेरी खानेपानी योजना | २ (दुई) महिना | |

४. बेनी नगरपालिका र वान हार्ट इन्टरनेशनलको साझेदारीमा बेनी नगरपालिका वडा नं. ३, भकिम्लीमा निर्माणाधीन अवस्थामा रहेको भकिम्ली स्वास्थ्य चौकीको भवन निर्माणको कार्य मनसुनका कारण बाटो अवरुद्ध भई आवश्यक निर्माण समाग्रीको सहज उपलब्धता हुन नसकेका कारण निर्धारित समयमा सम्पन्न हुन नसकेको साथै उक्त योजनाको म्याद थप नगर्दा योजनाको लागत बढ्न सक्ने अवस्था समेतलाई मध्यनजर गरी उक्त योजनाको म्याद २०७९ मंसिर १५ गते सम्मका लागि थप गरी कार्य अघि बढाउने ।

५. बेनी नगर क्षेत्र भित्र मनसुनजन्य विपद् (बाढिपहिरो) का कारण हुन सक्ने सम्भावित विपदको प्रतिकार्य तथा उद्धार कार्यका लागि आवश्यक पर्ने उपकरण भाडामा लिने भन्ने नगर कार्यपालिकाको मिति २०७९ जेठ २३ गतेको निर्णय बमोजिम उपकरण भाडामा लिन मिति २०७९ साल जेठ २८ गते सूचना प्रकाशन गरिएकोमा कुनै पनि निवेदन पर्न नआएको र पुन: मिति २०७९/०३/१८ गते सूचना प्रकाशन गर्दा पर्न आएका

सुरत क.सा.
नगर प्रमुख

कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

निवेदनहरुमध्ये साहाना निर्माण सेवा, पर्वतबाट पेश हुन आएको दररेट सबैभन्दा कम र सारभूत रुपमा प्रभावग्राही देखिएकोले निजसँग गरिएको सम्झौता स्वीकृत गरी मनसुनजन्य विपदको प्रतिकार्यका लागि आवश्यक कार्य गर्ने ।

६. नेपाल सरकारको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत २ कोठे भवन निर्माणका लागि छनौट भएको नवज्योती आधारभूत विद्यालय बेनपा-३ र ICT Lab का लागि छनौट भएको जयन्ती माध्यमिक विद्यालय बेनपा, ३ भकिम्लीले निर्धारित समयमा कार्यसम्पन्न गर्न नसकेको तथा योजनाको म्यादथपका विषयमा लेखापरीक्षण प्रतिवेदन, सामाजिक परीक्षण लगायतको कार्यहरुको लागि सम्बन्धित विद्यालय नै जिम्मेवार रहने गरी विनियोजित भएको बजेट सम्बन्धित विद्यालयलाई निकासा दिई कार्यसम्पन्न गराउने भन्ने शिक्षा तथा मानवस्रोत विकास केन्द्रको च.नं २२५ मिति २०७९/०३/१७ गतेको पत्रबाट लेखी आए बमोजिम बेनी नगरपालिकाबाट उक्त विद्यालयहरुलाई भुक्तानी हुन बाँकी रकम निकासा दिइएको विषयलाई अनुमोदन गर्ने र कार्यसम्पन्न नभएसम्मका लागि उक्त विद्यालयको खाता रोक्का राखे ।

७. नेपाल सरकारको नमूना विद्यालय कार्यक्रममा पर्न गएको जामुनाखर्क मा.वि.मा भवन निर्माण कार्य ठेक्का मार्फत् अगाडि बढाईकोमा विविध कारणवश समयमा सम्पन्न हुन नसकेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालयले निवेदन गरेको र पूर्वाधार शाखाबाट कार्यान्वयनको चरणमा जग परिवर्तन गर्नुपरेको कारण म्याद थप गर्न भनि गरेको सिफारिश समेतका आधारमा लेखापरीक्षण, सामाजिक परीक्षण लगायतको कार्यहरुका लागि सम्बन्धित विद्यालय नै जिम्मेवार रहने गरी २०७९ असोज मसान्तसम्मका लागि म्याद थप गर्ने भन्ने मिति २०७९/०३/२४ गतेको निर्णय र निर्णय बमोजिम विद्यालयको खातामा निकासा भएको रकमलाई अनुमोदन गर्ने र कार्यसम्पन्न नभएसम्मका लागि उक्त विद्यालयको खाता रोक्का गर्ने ।

८. वेनी नगरपालिकाको कक्षा १-३ सम्मको पाठ्यपुस्तक छपाईका लागि विनियोजित रकम अपुग हुने भएकोले नगर शिक्षा समितिको सिफारिशमा खर्च गर्ने मिल्ने रकम रु २ लाख र नगर शिक्षा योजना निर्माणका लागि विनियोजित रकम रु ३ लाख मध्येबाट रु २ लाख गरी जम्मा ४ लाख रुपैया बराबरको रकम रकमान्तर गरी पाठ्यपुस्तक छपाईमा खर्च गरिएको कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

९. वेनी नगरपालिकाबाट छपाई गरिएका कक्षा १ देखि ३ सम्मका पाठ्यपुस्तकहरु नगरक्षेत्रभित्र सञ्चालित सरकारी तथा सामुदायिक विद्यालयहरुलाई निशुल्क वितरण गर्ने एवं संस्थागत विद्यालयहरुलाई वितरण गर्दा प्रति एकाई रु ३७५ (तिन सय पचहत्तर रुपैया) शुल्क लिने ।

१०. वेनी नगरपालिका, वडा नं. ७, मंगलघाटमा श्री भरतराज भण्डारीको घरमा भाडामा लिने सम्झौता गरी प्रहरी विट राखिएकोमा २०७९ असार मसान्तदेखि सम्झौताको म्याद समाप्त हुने भएकोले २०८० असार मसान्तसम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

सुरत के.सी.
नगर प्रमुख

११. चालु आ.व. मा चालुतर्फ विनियोजन भएको रकम अपुग भएको हुँदा यसरी अपुग भएको रकम बेनी नगरपालिका आर्थिक ऐन, २०७८ को परिधिभित्र रही १० प्रतिशत चालु खर्च तर्फ रकमान्तर गरी गरिएको खर्चलाई अनुमोदन गर्ने ।

१२. बेनी नगरपालिकाका कर्मचारी तथा शिक्षक छनौट गर्दा अवलम्बन गर्ने प्रक्रियालाई थप व्यवस्थित गर्न तथा छनौट प्रक्रियालाई तटस्थ एवम् योग्यता प्रणाली (Merit Based) मा आधारित बनाउनका "कर्मचारी तथा शिक्षक छनौट सम्बन्धी कार्यविधि" खाका तयार गर्न तपसिलको समितिलाई जिम्मा दिई तयारी पश्चात् विधायन समितिबाट आवश्यक अध्ययन एवम् संशोधन गरी अनुमोदनका लागि कार्यपालिकाको बैठकमा पेश गर्न लगाउने निर्णय गरियो।

क. युवराज थापा, प्रशासकीय अधिकृत, बेनी नगरपालिका

ख. कमलप्रसाद ढकाल, शिक्षा अधिकृत, बेनी नगरपालिका

ग. माधवप्रसाद भुसाल, लेखापाल, बेनी नगरपालिका

१३. मिति २०७८।०५।१५ गते देखि लागु हुने गरी बेनी नगर सभाबाट पारित "बेनी नगरपालिकामा स्थानीय सेवामा कार्यरत कर्मचारीको समायोजन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८" बमोजिम यस नगरपालिका अन्तर्गत बिभिन्न पदमा कार्यरत कर्मचारीहरुको तह तथा ग्रेड वृद्धि सहित समायोजन गरिएकोमा गण्डकी प्रदेश लोकसेवा आयोग, पोखराको च.नं. २८६, मिति २०७९।०२।२६ गतेको पत्र अनुसार "प्रदेश लोकसेवा आयोग ऐन, २०७६" बमोजिम प्रदेश लोकसेवा आयोगको परामर्श लिई गर्नु पर्नेमा सो गरेको नपाइएकोले बदर गरिएको भन्ने व्यहोरा प्राप्त हुन आएकोले यस नगरपालिकाका उक्त कर्मचारीहरुको स्तर वृद्धि सहितको समायोजन बदर गर्ने र साबिकदेखि नगरपालिकामा कार्यरत तथा जिल्ला विकास समितिको कार्यालयमा लामो समय सेवा गरेका स्थानीय सेवाका कर्मचारीहरुको राज्य पुर्नसंरचना पश्चात् यस नगरपालिकामा समायोजन भए तापनि अन्य संघीय निजामती कर्मचारी सरह तह तथा ग्रेड वृद्धि नभएको तथा बढुवा सम्बन्धी कानूनको अभावमा लामो समयसम्म बढुवाको अवसरबाट बञ्चित भएको अवस्था रहेकोले मिति २०७८।०५।१५ गते बेनी नगरपालिकाको नगर सभाबाट पारित उक्त ऐनले व्यवस्था गरेको तह तथा ग्रेड वृद्धि सहितको समायोजनका सम्बन्धमा गण्डकी प्रदेश लोकसेवा आयोग, पोखरासँग परामर्श माग गर्ने निर्णय गरियो।

१४. मिलन म्याग्दीको सहकार्यमा बेनी नगरपालिकाको चिनाखेत र ठूलोखोलामा झोलुङ्गे पुल निर्माणको कार्य उपभोक्ता समिति मार्फत् अघि बढाइएकोमा सो का लागि आवश्यक स्टील डेक लगायतका सामाग्री समयमै उपलब्ध हुन नसकेको कारण समयमा सम्पन्न हुन सक्ने अवस्था नदेखिएकोले उक्त योजनाहरुको म्याद २०७९ असोज मसान्त सम्मका लागि थप गर्ने निर्णय गरियो ।

१५. बेनी नगरपालिकाको फोहोरमैला व्यवस्थापनको काम गरिरहेको मिसन फर वेस्ट म्यानेजमेन्ट नामक संस्थासँग गरिएको फोहोरमैला व्यवस्थापन सम्बन्धी सम्झौताको म्याद २०७९ असार मसान्तबाट समाप्त भएकोमा फोहरमैला संकलन तथा व्यवस्थापनको कार्यलाई निरन्तरता दिने गरी उक्त संस्थासँग गरिएको सम्झौताको म्याद मिति २०७९ पौष मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

१६. बेनी नगरपालिकामा कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रण गर्न सहजता हुने गरी नियुक्त गरिएको CICT तर्फका कर्मचारी श्री सम्झौता शर्माको सेवा करार सम्झौता २०७९ असार मसान्तदेखि समाप्त हुन लागेकोमा हाल कोरोना भाइरसको संक्रमणको अवस्था रहेको नदेखिएकोले सेवा करार सम्झौताको म्याद थप नगर्ने निर्णय गरियो।

१७. बेनी नगरपालिकाको स्थानीय पाठ्यक्रममा आधारित भएर नगरपालिकाले निर्माण गरेको कक्षा १ देखि ३ सम्मका स्थानीय पुस्तकको मूल्य प्रति पुस्तक रु ३७५ (अक्षेरुपी तीन सय पच्हत्तर रुपैयाँ मात्र) निर्धारण गर्ने निर्णय गरियो।

१८. बेनी नगर कार्यपालिकाबाट भए गरेका विभिन्न निर्णय, सूचना एवं जानकारी कार्यान्वयन गर्न र बेनी गरपालिकाबाट प्रवाह हुने सेवालाई थप व्यवस्थित गर्ने कार्यका लागि तर्जुमा गरिएको "बेनी नगरपालिकाको लेखा समिति कार्य सम्पादन कार्यविधि, २०७९" एवं "नगरस्तरीय बाल सञ्जाल गठन तथा परिचालन सम्बन्धी मापदण्ड, २०७९" स्वीकृत गरी लागू गर्ने निर्णय गरियो।

१९. नेपाल सरकारको राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत पूर्ण खोप सुनिश्चितता निर्देशिका, २०७१ बमोजिमका सम्पूर्ण प्रक्रियाहरु पूरा गरी बेनी नगरपालिकाले चालु आ.व. २०७८/७९ मा १६ देखि २३ महिनासम्मका सबै बालबालिकाहरुले १५ महिनाभित्र पाउनुपर्ने सबै खोप पाएको सुनिश्चित भएकोले बेनी नगरपालिकालाई पूर्ण खोप सुनिश्चित भएको नगरपालिका घोषणा गर्ने ।

२०. बेनी नगरपालिकाबाट सञ्चालित केही योजनाहरु सम्पन्न हुन नसकेका र निजहरुको रकम हाल भुक्तानी गर्दा काम नगर्ने जोखिम रहने अवस्था देखिएको र भुक्तानी गर्दा काम नै सम्पन्न नहुने एवं रकम फ्रिज हुन सक्ने अवस्था समेत विद्यमान रहेकोले निजहरुको कामको नियमित जाँच गर्ने गरी असार मसान्तसम्मका लागि म्याद थप गर्ने र काम पूर्ण रुपमा सम्पन्न भएपछि मात्र रकम भुक्तानी हुने गरी चेक रोक्का राख्ने ।

२१. बेनी नगरपालिकाको राजश्व बक्यौता तथा भाडा निर्धारण समितिबाट पेश भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

२२. बेनी नगरपालिका अन्तर्गत रहेका सातवटा सामुदायिक सिकाई केन्द्रहरु मध्ये पुलाचौरमा रहेको सामुदायिक सिकाई केन्द्रको कर्मचारी विगत १ वर्षदेखि रिक्त रहेको र वडा समितिको निर्णय बमोजिम उक्त वडाको बालजागृती आधारभूत विद्यालयमा सामुदायिक सिकाई केन्द्रको आवश्यकता रहेको भनी नयाँ नियुक्तिका लागि सिफारिश भई आएकोले सो स्थानमा सामुदायिक सिकाई केन्द्रको कर्मचारी राख्ने प्रयोजनका लागि आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो ।

सुरत के.सी.
नगर प्रमुख